# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड १ अंक: २ मार्ग, २७ गते २०८० साल (संख्या: १६)

### भाग-२

नगर कार्यपालिकाको मितिः २०८०/०८/२७ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (पहिलो संशोधन)कार्यविधि, २०८०

१. बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी कार्यविधि, २०८० को सट्टा बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

२. दफा ८ (७) मा संशोधन "सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई मोटरसाईकल वा स्कूटरको लागि इन्जिन वाध्नु पर्ने अवस्थामा वाहेक नियमित मर्मत सम्भार आफै गर्नुपर्नेछ । र सो भन्दा माथि वा कार/जिपको हकमा मर्मत गर्नु पर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसार गर्नुपर्नेछ।" भन्ने शव्दहरुको सट्टा "सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई मोटरसाईकल वा स्कूटरको लागि नियमित मर्मत सम्भार आवश्यक्ता र औचित्यताको आधारमा कार्यालयबाट मिलाइनेछ र सो भन्दा माथि वा कार/जिपको हकमा मर्मत गर्नु पर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसार गर्नुपर्नेछ।" भन्ने शव्दहरु राखिएको छ ।

३. दफा १८ मा संशोधन " स्थानीय तहका स्थायी कर्मचारीलाई कार्यालय समयका अतिरिक्त काम गरेवापत प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियरिङ्ग प्राविधिक कर्मचारी (इन्जिनियरिङ्ग तर्फ)लाई खाइपाई आएको तलवमा २५ प्रतिशत र अन्य प्राविधिक वा अप्राविधिक कर्मचारीलाइ खाइपाई आएको तलवमा २० प्रतिशत रकम प्रत्येक

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

महिनामा अनुसूची-२ वमोजिमको फिल्डभत्ता र प्रोत्साहन वापतको रकम उपलब्ध गराइनेछ ।" भन्ने शब्दहरुको सट्टा देहाय वमोजिमका बुँदाहरु थप गरिएको ।

(क) स्थानीय तहका स्थायी कर्मचारीलाई कार्यालय समयका अतिरिक्त काम गरेवापत प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियरिङ्ग प्राविधिक कर्मचारी (इन्जिनियरिङ्ग तर्फ)लाई खाइपाई आएको तलवमा २५ प्रतिशत र अन्य प्राविधिक वा अप्राविधिक कर्मचारीलाई खाइपाई आएको तलवमा २० प्रतिशत रकम कार्यालयको कामकाजले कार्यालय समय अघि र पछी ४ घण्टासम्म काममा लगाउनु परेमा नेपाल सरकार (अर्थ मन्त्रालय) ले तोकेको मापदण्ड अनुसारको सुविधा उपलव्ध गराइनेछ ।

(ख) अतिरिक्त समयमा थप काम लगाउनुपर्नाको कारण, सम्पादन गर्ने कार्य र अतिरिक्त काम गरेको अवधि प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ ।

(ग) अतिरिक्त समयमा काम गरी सम्पादन गरेको कार्यको प्रगति विवरण वा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । "भन्ने शब्दहरु राखिएकोछ ।

४. अनुसूचि-१ को बुँदा नं ३ पछि देहायको बुँदा नं ४ थप गरिएको छ ।

(४) करार र ज्यालादारी कर्मचारीको हकमा आवश्यक्ता र औचित्यताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले तोके वमोजिम हुनेछ ।

आज्ञाले,

२०८०।८।२६

(प्रकाश खत्राव)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका